प्रदेश सरकार

कृषि मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ईलाम

फोन नं- ०२७-५२३०४६/०४७

Email: akcillam@gmail.com

## प्रस्ताव आह्वान सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/१०/०४)

कृषि ज्ञान केन्द्र, ईलामको चालु आ.व. ०७९/०८० मा संघिय सशर्त वित्तीय हस्तानतरण मार्फत प्राप्त तपशिल बमोजिमका अनुदानका कार्यक्रमहरुको संचालनका लागि प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि- २०७९ ले तोकेको मापदण्ड पुरा गरी यस ईलाम जिल्ला भित्रका ईच्छुक कृषि फर्म/ कृषक समुह/ कृषि सहकारी संस्थाले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०७९/१०/१८ गते बुधबारका दिन कार्यालय समय भित्र कार्यालयले तोके बमोजिमका आवश्यक कागजातहरु अनिवार्य संलग्न गरि प्रस्तावना पेश गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ। थप जानकारीको लागि कृषि ज्ञान केन्द्र, ईलामको फोन नं. ०२७-५२३०४६, ०२७-५२३०४७ साथै मोबाईल नं. ९८५२६८१६६८, ९८४४६४१२९१ तथा स्थानीय तहको कृषि विकास शाखा र कृषि ज्ञान केन्द्र, ईलामको वेबसाईट http://ilam.akc.gov.np बाट प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि- २०७९ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

### संचालन हुने क्रियाकलापहरुको विवरण

| क्र.स. | संचालन हुने क्रियाकलापहरु | | आवश्यक न्युनतम जग्गाको मापदण्ड | प्रस्तावना पेश गर्न सक्ने क्लष्टर क्षेत्रहरु | सहजिकरण |
|---|---|---|---|---|---|
| १. | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | क) नमुना प्रदर्शन कार्यक्रम | कम्तिमा ६० रोपनीको एक क्लष्टर हुनुपर्ने | सबै स्थानिय तह भित्रका कृषि फर्म/ कृषक समुह/ कृषि सहकारी | अधिकतम ५०% अनुदान |
| | | ख) नयाँ संरचना निर्माण कार्यक्रम | एकल फर्मको हकमा कम्तिमा ३ रोपनी र समुह/सहकारीको हकमा समुहका सदस्य संख्याको आधारमा प्रति सदस्य १ रोपनीका दरले | | |
| | | ग) पुरानो संरचना सुधार कार्यक्रम | | | |
| | | घ) खुल्ला जमिनमा उत्पादन कार्यक्रम | एकल फर्मको हकमा कम्तिमा ५ रोपनी र समुह/सहकारीको हकमा कम्तिमा ६० रोपनी | | |
| २. | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | प्रत्येक स्थानिय तहमा बढीमा ५ वटा ब्लक हुनुपर्नेछ। प्रति ब्लकको क्षेत्रफल (साईज) कम्तिमा ५ हेक्टर (१०० रोपनी) हुनुपर्नेछ। | | ईलाम नगरपालिका भित्रका कृषि फर्म/ कृषक समुह/ कृषि सहकारी | अधिकतम ५०%अनुदान |
| ३. | स्रोत बीउ | कृषि पुर्वाधार निर्माण मुख्यतया सरकारी/ सहकारी/ | | सबै स्थानिय तह | अधिकतम |

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, ईलाम
फोन नं- ०२७-५२३०४६/०४७
Email: akcillam@gmail.com

| | | | | |
|---|---|---|---|---|
| | उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | सामुदायिक/ सार्वजनिक जग्गामा गर्नुपर्नेछ। निजि जग्गामा पूर्वाधार विकास गर्दा कम्तिमा २० वर्ष अवधिका लागि सम्बन्धित स्थानिय तहले करार सम्झौता अनुसार लिज/ भाडामा लिएको हुनुपर्नेछ। | भित्रका कृषि फर्म/ कृषक समुह/ कृषि सहकारी | ५०%अनुदान |

<u>संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु</u>

१. रू १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा अनुसारको निवेदन

२. संस्था/ समुह दर्ताको प्रमाण पत्रको प्रतिलिपि

३. संस्था/ समुह नविकरण प्रमाण पत्रको प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि

४. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि

५. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

६. सहकारी संस्थाको हकमा गत आ.व. को लेखा परिक्षणको प्रतिलिपि

७. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

८. स्थानिय तह कृषि विकास शाखाको सिफारिस

९. स्थानिय तहको सम्बन्धित वडा कार्यालयको सिफारिस

१०. कार्यक्रम संचालनका लागि आवश्यक जग्गाको लालपूर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गाको हकमा न्युनतम २० वर्ष करार सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपि

११. यदि सार्वजनिक जग्गामा कार्यक्रम संचालन गर्ने भए सम्बन्धित नगरपालिका/ गाउँपालिकाको सिफारिस पत्र

१२. स्थानिय तहबाट लागत साझेदारीमा कार्यक्रम संचालन हुने भए, लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिस पत्र

१३. प्राविधिक ज्ञान, सिप, अनुभव तथा तालिम लिएको भए, त्यसको प्रमाणको प्रतिलिपि

१४. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र

१५. कार्यक्रम संचालनको लागि गर्न चाहेको व्यवसायको व्यवसायिक प्रस्तावना

१६. <u>प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि-२०७९</u> बमोजिम माथि उल्लेखित माग गरिएका आवश्यक कागजातहरु पूर्ण नभएमा आवेदन दर्ता हुने छैन ।

१७. संस्थागत (कृषि फर्म/कृषक समुह/कृषि सहकारी) को हकमा प्रति आवेदन रु. २००।- को सक्कल बैंक भौचर नेपाल बैंक लि. ईलाम शाखाको खाता नं २७००२००००१००१००००१ (अन्य प्रशासनिक दस्तुर, प्रदेश सरकार) राजस्व शिर्षक नं १४२२९, कार्यालय कोड नं ३१२०१०३०११ मा आवेदन दस्तुर जम्मा गरी सोको सक्कल भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

***नोटः*** *माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावना फर्मेट (Proposal Format) र निवेदनको ढाँचा कृषि ज्ञान केन्द्र, ईलाम तथा सम्बन्धित स्थानिय तहको कृषि विकास शाखा मार्फत पाउन सकिनेछ । साथै, विगत ३ वर्षको अवधिमा विभिन्न सरकारी निकाय/ कार्यालयहरु बाट अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदकहरुको प्रस्तावना र आवेदन दर्ता नहुने समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ।*

टोनी बर्देवा
निमित्त प्रमुख
२०८३।०१।०५